# फिदिम राजपत्र

## फिदिम नगरपालिकाद्वारा प्रकाशित

खण्डः८ | फिदिम,पाँचथर | मंसिर २८ गते २०८१ | संख्याः ५

**भाग-२**

**फिदिम नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**फिदिम पाँचथरको सूचना**

# फिदिम नगरपालिकाको कर्मचारीको तह वृद्धि सम्बन्धी कार्यविधी, २०८१

## फिदिम नगरपालिकाको कर्मचारीको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावना**: स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० मा गरिएको तह वृद्धि सम्बन्धी व्यवस्थालाई व्यवस्थित र पारदर्शी ढङ्गले कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १५१ ले दिएको अधिकार प्रयोग गरी फिदिम नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " फिदिम नगरपालिकाको कर्मचारीको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेपछि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "अख्तियारवाला" भन्नाले ऐनको दफा १५ बमोजिम स्थानीय सरकारी सेवामा नियुक्ति, पदस्थापन र अवकाश दिने अधिकारी सम्झनु पर्दछ ।

ख) "आयोग" भन्नाले कोशी प्रदेश लोक सेवा आयोगलाई सम्झनु पर्दछ ।

ग) "ऐन" भन्नाले स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरू सम्बन्धमा व्यवस्था गर्न कोशी प्रदेशद्वारा जारी गरिएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० सम्झनु पर्दछ ।

घ) "कर्मचारी" भन्नाले स्थानीय सरकारी सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारीहरूलाई सम्झनु पर्दछ ।

ङ) "कार्यपालिका" फिदिम नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

च) "कार्यविधि" भन्नाले फिदिम नगरपालिकाको कर्मचारीको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१ सम्झनु पर्दछ ।

छ) "कार्यालय" भन्नाले नगर कार्यपालिकाको कार्यालय र मातहतका कार्यालयहरूलाई सम्झनु पर्दछ ।

ज) "किताबखाना" भन्नाले प्रदेश निजामती किताबखाना (कोशी प्रदेश) लाई सम्झनु पर्दछ ।

झ) "तह वृद्धि" भन्नाले ऐनको दफा ४ को उपदफा (५) र दफा २७ तथा कार्यविधिको दफा ८ बमोजिम हुने तह वृद्धिलाई सम्झनु पर्दछ ।

ञ) "तोकिए बमोजिम" भन्नाले ऐन, ऐन को अधीनमा रही जारी गरिने नियमावली मा भएको/हुने व्यवस्था वा तालुक निकायबाट प्राप्त निर्देशनहरूलाई बुझ्नु पर्दछ ।

ट) "नगरपालिका" भन्नाले फिदिम नगरपालिका सम्झनु पर्दछ ।

ठ) "प्रदेश" भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्दछ।

ड) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले ऐनको दफा १०९ बमोजिमको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ढ) "परामर्श" भन्नाले आयोगद्वारा तह वृद्धि सम्बन्धमा प्राप्त परामर्शलाई सम्झनु पर्दछ ।

ण) "मन्त्रालय" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (कोशी प्रदेश)लाई सम्झनु पर्दछ ।

त) "समिति" भन्नाले दफा ४ बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

**३. तह वृद्धि गरिनेः** ऐनको दफा २७ बमोजिमको योग्यता पुगेका कर्मचारीहरूलाई एक तह वृद्धि गरिनेछ ।

**४. समिति गठन सम्बन्धी व्यवस्था:** (१) ऐन बमोजिम तह वृद्धि गर्ने प्रयोजनका लागि प्रत्येक वर्ष ऐनको दफा २८ को उपदफा (३) बमोजिमको तह वृद्धि सिफारिस समिति गठन गरिनेछ ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | -अध्यक्ष |
| (ख) कार्यपालिकाले तोकेको एक महिला सहित २ जना वरिष्ठ कर्मचारी | -सदस्य |
| (ग) कर्मचारी प्रशासन हेर्ने शाखाको प्रमुख/कर्मचारी | - सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको सचिवालयको रुपमा कर्मचारी प्रशासन हेर्ने शाखाले काम गर्नेछ । सो समितिको सदस्य सचिवका रूपमा सो शाखाको प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको प्रशासन शाखाको कर्मचारीले काम गर्नेछ । उक्त कर्मचारी तह वृद्धि हुने सम्भाव्य उम्मेदवार भए अर्को कर्मचारी तोक्न बाधा पर्ने छैन ।

(३) समितिले बैठकमा आवश्यकता अनुसार सम्बन्धित विज्ञ कर्मचारीको आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**५. सूचना प्रकाशन गर्नुपर्ने:** (१) ऐन बमोजिम स्थानीय तहका कर्मचारीको तह वृद्धिका लागि प्रत्येक वर्षको असार १५ र पुस १५ गतेभित्र तह वृद्धिका लागि सम्भाव्य उम्मेदवारका लागि ३० दिनको म्याद दिई अनुसूची-१ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचनाको जानकारी कार्यालयको वेबसाइट, कार्यालयको सूचना पाटी, वडा कार्यालयको सूचना पाटी, सामाजिक सञ्जाल समेतमा प्रकाशन गर्नु पर्नेछ ।

**६. निवेदन दिनु पर्ने** : दफा ५ बमोजिम प्रकाशित सूचनाको म्यादभित्र सम्भाव्य उम्मेदवारले अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन पेस गर्नु पर्नेछ । निवेदन पेस गर्दा देहायका कागजात संलग्न गर्नु पर्नेछ।

क) सेवा अवधि पुष्टि गर्ने नियुक्ति पत्र/बढुवा नियुक्तिको प्रतिलिपि,

ख) स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि ,

ग) विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको र सेवा अवधि प्रमाणित सम्बन्धी कार्यालयको सिफारिस पत्र,

घ) पेसा सम्बन्धी व्यवसायी परिषदले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि (आवश्यक हुनेको हकमा मात्र),

ङ) पछिल्लो तीन वर्षमा कार्यसम्पादन फाराम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सक्कल निवेदन,

च) समितिले तोकेका अन्य कागजातहरू ।

७. **न्यूनतम योग्यता र सेवा अवधि:** तह वृद्धि सम्बन्धी न्यूनतम योग्यता र सेवा अवधि ऐन बमोजिम हुनेछ । ऐनमा उल्लेख नभएको हकमा तोकिए बमोजिम हुनेछ ।

८. **कामकाज गर्न खटिएका कर्मचारी सम्बन्धी व्यवस्था:** कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर यस नगरपालिकमा दरबन्दी कायम भएका कर्मचारी र कोशी प्रदेशभित्र अन्य स्थानीय तहमा कार्यरत यस नगरपालिकमा दरबन्दी कायम भएका कर्मचारीको हकमा यस कार्यालयले तह वृद्धि गर्ने छ ।सोका लागि सम्भाव्य उम्मेदवारले निवेदन पेस गरेमा प्रमुख प्रशासकीय अधिकृतबाट आवश्यक प्रकृया पूरा गरी तह वृद्धि र नियुक्ति पत्र प्रदान गरिनेछ।

९. **ज्येष्ठता गणना सम्बन्धी व्यवस्था** : कर्मचारीको तह वृद्धिका लागि ज्येष्ठताको गणना गर्दा ऐनमा भएको व्यवस्था वा तोकिए बमोजिम हुनेछ ।

१०. **तह वृद्धि गर्नुपर्नेः** कानुन बमोजिम तह वृद्धिका लागि समितिले दरखास्त दिने म्याद सकिएको ७ दिनभित्र तह वृद्धिका लागि सिफारिस गरी सक्नु पर्नेछ । सिफारिस समितिको पत्र प्राप्त भए पछि कार्यपालिकाबाट निर्णय गरी प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-३ बमोजिमको ढाँचामा तह वृद्धिको पत्र दिनु पर्नेछ ।

११. **तह वृद्धि गर्न नहुनेः** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ३० र ३१ बमोजिमको अवस्थामा समितिले कर्मचारीलाई तह वृद्धिको लागि सिफारिस गर्न पाइने छैन।

१२. **<u>जानकारी दिनु पर्ने / सार्वजनिक गर्नेः</u>** (१) यस कार्यविधि बमोजिम गरेको तह वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्र मन्त्रालय, किताबखाना र आयोगलाई दिनु पर्नेछ।

(२) तह वृद्धि भएका कर्मचारीहरूको विवरण कार्यालयको सूचना पाटी र वेबसाइटमा राखिनेछ ।

१३. **उजुरीः** तह वृद्धि को निर्णय उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र आयोगमा उजुरी गर्न सकिने छ।

१४. **खारेजी तथा बचाउः** फिदिम नगरपालिकाको कर्मचारीको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८० खारेज गरिएको छ । यस अघि ऐनका प्रावधान र कार्यविधि बमोजिम भएका कार्यहरू यसै बमोजिम भएको मानिनेछ ।

## अनुसूची-१

दफा ५ को उपदफा (१) सँग सम्बन्धित

### तह वृद्धि हुने कर्मचारीले निवेदन पेस गर्ने सम्बन्धी सूचना ( ढाँचा)

प्रस्तुत विषयमा **फिदिम नगरपालिकाको कर्मचारीको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१ को दफा ३** बमोजिम तह वृद्धि हुने कर्मचारीहरू ले यो सूचना प्रकाशन भएको मितिबाट ३० दिन भित्र तपसिलका कागजातहरू संलग्न गरी यस कार्यालयमा निवेदन दर्ता गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ । निवेदन पेस गर्ने अन्तिम दिन सार्वजनिक बिदा वा कुनै कारणवश कार्यालय बन्द रहेको खण्डमा तत्पश्चात् कार्यालय खुलेको पहिलो दिन अपराह्न १२ बजेसम्म निवेदन पेस गर्न सकिनेछ ।

**तपसिलः**

क) सेवा अवधि पुष्टि गर्ने नियुक्ति पत्र/बढुवा नियुक्तिको प्रतिलिपि,

ख) स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि ,

ग) विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको र सेवा अवधि प्रमाणित सम्बन्धी कार्यालयको सिफारिस पत्र,

घ) पेसा सम्बन्धी व्यवसायी परिषदले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि (आवश्यक हुनेको हकमा मात्र),

ङ) समितिले तोकेका अन्य कागजातहरू ।

**मितिः**

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-२

दफा ६ सँग सम्बन्धित

### तह वृद्धि हुने कर्मचारीले पेस गर्ने निवेदन (ढाँचा)

मिति:

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

फिदिम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

फिदिम, पाँचथर।

विषय: तह वृद्धिको निवेदन सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति २०..../.../... प्रकाशित तह वृद्धि हुने कर्मचारीले निवेदन पेस गर्ने सम्बन्धी सूचना अनुसार देहायको विवरण र कागजात संलग्न गरी यो निवेदन पेस गरेको छु ।

१. सूचनाको विवरण

| | |
|---|---|
| सूचना नम्बर: - | मिति:- |
| हालको सेवा /समुह/पद/तह:- | |
| तह वृद्धि हुने तह/पद:- | |

२. उम्मेदवारको विवरणः

(क) तह वृद्धि हुने कर्मचारीको नाम, थर (नेपालीमा):

(अङ्ग्रेजीमा):

(ख) कर्मचारी सङ्केत नं :

(ग) नागरिकता प्रमाण पत्र नं, जारी मिति र जिल्लाः

(घ) राष्ट्रिय परिचयपत्र नम्बरः

(ङ) स्थायी ठेगानाः

(च) बाबु/आमाको नाम, थरः

(छ) बाजे/बज्यैको नाम, थरः

(ज) पति/पत्नीको नाम, थरः

(झ) पेसासँग सम्बन्धित व्यवसायी परिषदको प्रमाणपत्रको अवधि (आवश्यक पर्नेहरूको हकमा):

३. शुरु नियुक्ति मिति/ बढुवा नियुक्ति मिति/ समायोजन मिति:

हालको तहमा वा समायोजन हुनुभन्दा पहिले समान तहको पदमा तह वृद्धिका लागि आवेदन दिन पाउने अन्तिम मितिमा पुग्ने सेवा अवधिः .................वर्ष.............महिना.................दिन

४. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ३१ बमोजिम तह वृद्धिका लागि योग्य भएको/नभएकोः

(क) हाल निलम्बनको अवधिमा रहेको/ नरहेकोः

(ख)हाल तह वृद्धि वा बढुवा रोक्का रहेको/ नरहेकोः

(ग)हाल तलव वृद्धि रोक्का भएको/ नभएकोः

(घ)सेवा/समूह/उप-समूह परिवर्तन भएको/नभएकोः

सेवा/समूह/उप-समूह परिवर्तन भएकोमा तीन वर्ष अवधि पुगेको/नपुगेकोः

(ङ)हाल असाधारण वा अध्ययन बिदामा रहेको/नरहेकोः

(च)पेसासँग सम्बन्धित व्यवसायी परिषदले हाल निलम्बन गरेको/नगरेकोः

५. हालसम्म कार्य गरेका कार्यालयः सुरुदेखि अन्त्यसम्म सिलसिलेवार ढङ्गले

| **क.सं.** | **कार्यालयको नाम** | **देखि** | **सम्म** | **कैफियत** |
|---|---|---|---|---|
| | | | | |

६. पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कन पेस गरेका कार्यकालहरूको विवरणः

| **क.सं.** | **कार्यालयको नाम, ठेगाना** | **कैफियत** |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |

७. शैक्षिक योग्यताः

८. पेस गरिएका कागजातहरूः

९. माथि उल्लिखित विवरणहरूमा कुनै कुरा झुट्टा लेखिएको ठहरे कानुन बमोजिम सहुँला/ बुझाउँला भनी सहीछाप गर्नेः

हस्ताक्षरः

कर्मचारीको नाम, थरः

सङ्केत नम्बरः

पद, तहः

मितिः

| ल्याप्चे सहीछाप | |
|---|---|
| | |
| दायाँ | बायाँ |

**अनुसूची-३**

**(दफा १० सँग सम्बन्धित)**

फिदिम नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

फिदिम पाँचथर कोशी प्रदेश नेपाल

**(तह वृद्धि नियुक्ति पत्रको ढाँचा )**

विषयः **तह वृद्धि सम्बन्धमा ।**

महाशय,

फिदिम नगरपालिकाको कर्मचारीको तह वृद्धि सम्बन्धी सिफारिस समितिको मिति....................को सिफारिस तथा फिदिम नगरपालिका, नगर कार्यपालिकाको मिति ...................को निर्णय अनुसार मिति ....................देखि लागू हुने फिदिम नगरपालिकाको कर्मचारीको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१ को दफा १० बमोजिम तपाइँलाई देहाय अनुसार तह वृद्धि गरिएको छ।

तह वृद्धि हुनु भएकोमा हार्दिक बधाई, राष्ट्र सेवामा उच्च मनोबलका साथ कार्य सम्पादन गर्नु हुने अपेक्षा लिइएको छ ।

| **साबिकको पदको विवरण** | **तह वृद्धि भएको पदको विवरण** |
|---|---|
| सेवाः<br>समूह/उप-समूहः<br>पदः<br>तहः<br>कार्यालयः | सेवाः<br>समूह/उप-समूहः<br>पदः<br>तहः<br>कार्यालयः |

**कर्मचारीको नाम थर**

**(कर्मचारी सङ्केत नम्बर...)**

**प्रमुख प्रशासकीय अधिकृत**

**बोधार्थ**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, विराटनगर ।

श्री प्रदेश किताबखाना, कोशी प्रदेश, विराटनगर, नेपाल ।

श्री आर्थिक प्रशासन शाखा, फिदिम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, फिदिम, पाँचथर।

**आज्ञाले,**

**कुमार प्रसाद भट्टराई**

**प्रमुख प्रशासकीय अधिकृत**